(सूचनको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

२०८० साल श्रावण १ गते देखी असोज मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

स्वत: प्रकाशन

(PROACTIVE DISCLOSURE)

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**बाली संरक्षण प्रयोगशाला**
फोन नं: ०६१-४५१५४५
इमेल: ppl.gandaki@gmail.com
वेबसाइट: www.ppl.gandaki.gov.np

**प्रयोगशालाको परिचय:**

कृषि बालीनालीमा लाग्ने रोग किराको प्रकोप व्यवस्थापन गर्ने उदेश्यका साथ २०४९/१०/८ देखि तत्कालिन सरकारको आ.व २०४८/४९ को संगठनात्मक संरचना अनुसार सबै विकास क्षेत्रहरुमा क्षेत्रिय बाली संरक्षण प्रयोगशालाको नाममा स्थापना भई कार्य आरम्भ भएको थियो। तत्कालिन पश्चिमान्चल विकास क्षेत्रका ३ अन्चल (गण्डकी, धौलागिरी र लुम्बिनि) अन्तर्गतका १६ जिल्लाहरु यस प्रयोगशालाका कार्य क्षेत्र रहेका थिए। राज्य संघात्मक शासन व्यवस्थामा रुपानन्तरण भईसकेपछि गण्डकी प्रदेशको कृषिलाई यान्त्रिकीकरण व्यवसायिकीकरण बजारीकरण र आधुनिकीकरणको माध्यमबाट प्रतिस्पर्धात्मक अवस्थाको सिर्जना गरि रोजगारीको अवसर सिर्जना गर्ने लक्षका साथ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको स्थापना स्थापना भए संगै गण्डकी प्रदेश कार्यक्षेत्र हुने गरी बाली संरक्षण प्रयोगशालाको स्थापना भएको हो।

**उदेश्य:**

१. बाली बिरुवमा लाग्ने रोग किराको क्षति न्यूनिकरण गरि उत्पादन र उत्पादकत्व बढाउन मद्धत गर्ने।
२. निर्वाहमूखी कृषि प्रणालीलाई व्यवसयिक प्रणालीमा रुपान्तरण गर्ने।
३. रसायनिक विषादीको खपत न्यूनिकरण गरि जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गर्ने।
४. अर्गानिक खेती प्रणालीलाई प्रोत्साहन गर्ने।
५. कृषि विकास र वातावरण सन्तुलनलाई कायम राख्ने।
६. बाली बिरुवाको समयमा नै समस्या पहिचान र निदान गरि सम्भावित क्षति न्यूनिकरण गर्ने।

**प्रयोगशालाको संगठनात्मक संरचना:**



**प्रयोगशालाको कार्यविवरण:**

१.रोग किरा नियन्त्रणको लागि प्रयोगशाला निदान सेवा।

२.जैविक विषादी उत्पादन तथा वितरण।

३.बाली उपचार शिविर संचालन।

४.तालिम कार्यक्रम (बाली उपचार शिविर, आई.पि.एम)।

५.विषादी सम्बन्धि सचेतना कार्यक्रम।

६.रोग किरा एवं विषादी सम्बन्धि अभिलेख तयारी।

७.अभियानमुलक समस्या निदान कार्यक्रम।

८. प्राङगारिक खेति प्रवर्द्धन कार्यक्रम।

**बाली संरक्षण प्रयोगशालाको दरबन्दी र पदपूर्ति विवरण:**

| क्र.सं. | पद | तह | स्वीकृत दरवन्दी संख्या | पदपूर्ति संख्या | रिक्त पद संख्या | करार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ब.बा.सं.अ | नवौ/दशौं | १ | १ | ० | | |
| २. | बा.सं.अ | सातौ/आठौं | १ | १ | ० | | |
| ३. | लेखापाल/लेखा अधिकृत | पाचौ/छैठौ | १ | १ | ० | | |
| ४. | प्रा.स | पाचौ/छैठौ | २ | १ | १ | | |
| ५. | ना.प्रा.स | चौथो/पाचौ | १ | १ | ० | | |
| ६. | खरिदार | चौथो/पाचौ | १ | १ | ० | | |
| ७. | का.स | श्रेणी बिहिन | २ | २ | ० | | |
| ८. | ह.स.चा | श्रेणी बिहिन | १ | १ | ० | १ | |
| **जम्मा** | | | १० | ९ | १ | १ | |

**सेवा प्रवाह गर्दा लाग्ने दस्तुर र अवधि:**

कार्यालयबाट प्रदान गरिने सेवामा कुनै पनि दस्तुर लाग्ने छैन र समस्यको प्रकृति हेरिकन १ हप्ता सम्म लाग्नेछ।

**सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी:**

| **क्र.सं.** | **शाखाको नाम** | **जिम्मेबार अधिकारी** |
|---|---|---|
| १. | कार्यालय प्रमुखको नाम | शालिकराम अधिकारी |
| २. | प्राविधिक शाखा | श्री शुष्मा मरहट्टा<br>श्री प्रकाश बस्नेत<br>श्री आरती चौधरी |
| ३. | प्रशासन शाखा | श्री राजेन्द्र पौडेल<br>श्री विमल भण्डारी |

**सम्पादन गरेका मुख्य मुख्य कामको विवरण:**

**क. प्रशासन शाखा**

- निर्देशनालय र मन्त्रालयबाट प्राप्त पत्रको जवाफ लेखिएको।
- कार्यलयका दैनिक प्रशासनिक कार्य गरिएको।
- जिन्सि निरिक्षण गरिएको।
- भण्डार अभिलेख अद्यावधिक गरिएको।
- कार्यलयका नियमित भूक्तानी आर्थिक कार्यविधि तथ वित्तिय उत्तरदायित्व ऐन बमोजिम समयमा नै भूक्तानि गरिएको।

**ख. प्राविधिक शाखा**

- समस्याग्रस्त बाली बिरुवाको नमूना जांच तथा प्राविधिक सेवा।
- विषादी खुद्रा विक्रेताको ईजाजत पत्र नविकरणका लागि नियमित काम।
- लमजुङ जिल्लामा विषादी विक्रेताको पसल/गोदाम अनुगमन।
- बाली संरक्षण प्रविधि सम्बन्धी ब्रोसर छपाइ तथा प्रकाशन।
- सुन्तलाको ग्रिनिङ रोग पहिचानका लागि सर्भे सर्भेलेन्स एवं पि.सि.आर जांच।
- बाली उपचार शिविर संचालन।
- समस्याग्रस्त क्षेत्रमा प्राविधिक सेवा।
- ट्राईकोडर्मा उत्पादन, कल्चर संरक्षण ट्यागिङ सहित प्याकेजिङ।
- सहायकस्तर कर्मचारीहरुका लागि प्लाण्ट क्लिनिक (मोड्युल १ र २) तालिम।
- प्रदेशका कृषक सहजकर्ताहरुका लागि विषादी प्रयोगको सचेतना सम्बन्धी तालिम।
- सुन्तलाको फल कुहाउने औंसा (क्षेत्रगत नियन्त्रण कार्यक्रम) अन्तर्गत झरेका फल व्यवस्थापनका लागि अभिमुखिकरण कार्यक्रम (पर्वत र म्याग्दी)।

**आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:**

- कार्यालयका नियमित भूक्तानी ऐन बमोजिम गरिएको।
- यस प्रथम त्रैमासिक अवधिसम्म स्वीकृत वार्षिक बजेटको तुलनामा ९% खर्च भएको।

**सूचना अधिकारी र प्रमुखको नाम पद:**

**सूचना अधिकारी**

नाम: शुष्मा मरहट्टा

पद: बाली संरक्षण अधिकृत

मोबाईल नं: ९८५६०८७५४५

**प्रमुख**

नाम: शालिकराम अधिकारी

पद: प्रमुख

मोबाइल नं: ९८५६०३१५४५

इमेल ठेगाना: ppl.gandaki@gmail.com

वेभसाईट: www.ppl.gandaki.gov.np